**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 15.04.2025**

## State Day  Celebretion

हिमाली राज्य सिक्किम राज्य स्थापनाको सवर्णजयन्ती मनाउन पूर्ण रूपले तयार छ।

प्रजातन्त्र प्राप्तिको यो विशेष अवसरलाई स्मरणीय बनाउन राज्य सरकारले सबै तयारी पूरा गरेको छ।

भोलि राज्यका विभिन्न स्थानमा विविध कार्यक्रमहरू आयोजित हुनेछन्।

मुख्य कार्यक्रम गान्तोकको पाल्जोर स्टेडियम र मनन केन्द्रमा आयोजना गरिने भएको छ। कार्यक्रमको आरम्भ तिरङ्गा यात्राबाट हुनेछ। स्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीद्वारा आयोजित तिरङ्गा यात्राको उद्देश्य आतंकवादको विरूद्धमा हालै भारतीय सेनाद्वारा गरिएको अपरेशन सिन्दूर सफल रहेको विषयलाई लिएर देशका सम्पूर्ण सैनिकहरूलाई सम्मान पाउनु रहेको छ।

बिहान आठ बजेर तीस मिनटमा गान्तोकको एम जी मार्गदेखि आरम्भ हुने तिरङ्गा यात्रा हस्पिटल डाँड़ा हुँदै राज्य दिवस समारोह स्थल पाल्जोर स्टेडियममा पुगेर समाप्त हुनेछ। यात्रामा सामेल हुने सहभागीहरूलाई आ आफ्ना जातीय पोशाक लगाउने अनुरोध गरिएको छ।

पाल्जोर स्टेडियममा हुने कार्यक्रममा राज्यपाल ओम प्रकाश माथुर मुख्य अतिथि र मुख्यमन्त्री प्रेमसिंह तामाङ विशिष्ट अतिथि रहनुहुनेछ।

यस अवसरमा अन्य कार्यक्रमबाहेक विभिन्न विभागद्वारा तयार पारिएका पुस्तक र मोबाइल ऐपको लोकार्पण गरिनेछ।

पछि मनन केन्द्रमा हुने अपरान्हको कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तिहरूलाई सम्मान र राज्यप्रतिको पचास वर्षमाथि वृत्तचित्र प्रदर्शन गरिनेछ।

त्यसपछि साँझको समयमा पाल्जोर स्टेडियमका आकर्षण सिक्किम प्रीमियर लीग फुटबल टुर्नामेण्टको फाइनल र ड्रोन शो रहनेछन्।

स्मरण रहोस् सोह्ल मई १९७५मा सिक्किम वाइसौं राज्यको रूपमा भारतीय संघमा विलय भएको थियो।

## CM Greetings State Day

.यसैवीच मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किमवासीहरूलाई राज्य स्थापनाको पचास वर्ष पूरा भएको अवसरमा शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा उहाँले भन्नुभएको छ सिक्किमले पचास वर्षको गौरवपूर्ण यात्रा पूरा गरेको महत्वपूर्ण घड़ीमा हामीले हाम्रा उपलब्धिहरूको मूल्याङ्कन गर्दै आँउदा दिनहरूका लागि नयाँ सङ्कल्प गर्नुपर्छ।

पचास वर्षको अवधिमा विभिन्न स्थितिहरू पार गर्दै सामाजिक, आर्थिक, शैक्षिक र भौतिक पूर्वाधारहरूको विकासमा प्राप्त उपलब्धिका लागि सम्वन्धित सबैप्रति आभार प्रकट गर्दै श्री तामङले भन्नुभएको छ। अबको हाम्रो यात्रा समावेशी, शान्तिपूर्ण, सुनौलो, समृद्ध र समार्थ सिक्किमको निर्माण प्रति केन्द्रित हुनुपर्छ।

## PRI Cleanliness

सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्तीको अवसरमा अहिले राज्यभरि विभिन्न कार्यक्रमहरू आयोजित भइरहेछन्।

पञ्चायती राज संस्थान प्रशासनले आज गान्तोक नगर निगम कार्यालय परिसरमा स्वच्छता अभियान तथा विरूवारोपण गर्यो। ग्रामीण विकास विभाग अन्तर्गत पञ्चायतीराज सचिव र अधिकारीहरूसँगै विरूवारोपण कार्यमा सहकारिता तथा ग्रामीण विकास मन्त्री अरूण कुमार उप्रेती पनि सहभागी हुनुभयो।

यस्तो कार्यक्रम आयोजन गरिएकोमा प्रसन्नता गर्दै उहाँले भन्नुभयो यसद्वारा पर्यावरण मन्त्री परिवेश सृजना गर्नमा टेवा पुग्न जानेछ।

पञ्चायती राज संस्थानको निर्देशनमा सबै एक सय निनानब्बे ग्राम पञ्चायत इकाई र जिल्ला पञ्चायतहरूले आ आफ्ना सम्वन्धित जिल्लाहरूमा विशेष ग्राम सभा आयोजन गरिरहेछन्।

## Patriotic Feeling

सारा देशमा अहिले खुशीको वातावरण छाएको छ। आतकंवादको विरूद्धमा भारतीय सेवाद्वारा सञ्चालित अपरेशन सिन्दूरको सबैले प्रशंसा गरिरहेछन्।

भारतीय सशस्त्र बलको साहसिक कार्यको सराहाना गर्दै चेस Grandmaster दिब्येन्दु वरूवा यसो भन्नुहुन्छ।...

## KIYG 2025

बिहारमा आयोजित सातौं खेलो इण्डिया युवा खेल 2025 आज सम्पन्न भयो।

चार मईदेखि शुरू भएको खेल अन्तर्गत सिक्किमलाई दुई वटा पदक प्राप्त भएको छ।

दुइ हजार मिटरको स्टीपलचेजमा आँचल राईले स्वर्ण पदक र बक्सिङको साठी- पैंसठी किलोग्राम वर्गमा रिवास राईले काँस्य पदक जितेका छन्।

एथलेटिक्समा आठ र बक्सिङमा छ जना गरी सिक्किमबाट चौधजना खेलाड़ीहरू सहभागी बने।

कोचहरू र टीम म्यानेजर लगायत सिक्किम उन्नाइस सदस्यीय टोली भोलि राज्यमा फर्किनेछ।

## Weather

राज्यमा हिजो राती र आज दुँसो पनि मुसलधारे पानी परेकाले तापमान घटे र पुनः जाड़ो बढ़ेको छ।

मौसम विज्ञान विभाग सूत्र अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा आज न्यूनतम तापमान पन्ध्र डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि अधिकतम तापमान उन्नाइस डिग्री सेल्सियस र न्यूनतम तापमान सोह्र डिग्री सेल्सियस रेकार्ड गरियो।

## Mangan Landslide

राज्यमा हिजो मुसलधारे पानी परेकाले पैह्रो गएर मंगन जिल्ला स्थित फेन्सोङ ग्राम पञ्चाय इकाइको सामुदायि केन्द्रलाई गम्भीर क्षति पुग्न गएको छ। कावीकी महकुमा अधिकारी मोनिका राईको नेतृत्वमा एउटा टोलीले आज क्षतिको निरीक्षण गर्यो।